टोक्यो महानगरपालिका, किता सिटी

कोभिड-१९ को भ्याक्सिन सम्बन्धी जानकारी

सरकारी खर्चमा सबैलाई निशुल्क भ्याक्सिन प्रदान गरीने

भ्याक्सिनको प्रक्रिया

१ कहिले भ्याक्सिन दिईदैछ तालिका चेक गर्नुहोस।

कोभिड -१९ को भ्याक्सिन चिकित्साकर्मी, वृद्द वृद्दा, र निम्न उल्लेखित रोग भएका व्यक्तिहरूबाट क्रमश शुरू हुनेछ।

कृपया भ्याक्सिन लगाऊने तापाईको पालो कहिले आउछ चेक गर्नुहोस र तबसम्म पर्खनूहोस।

※कृपया सरकारले गर्ने सार्वजनिक घोषणाको प्रतीक्षा गर्नुहोस। यो घोषणा तपाईले स्वास्थ्य,श्रम तथा कल्याण मन्त्रालयको होमपेज र तपाई बस्नुहुने सिटी अथवा नगरपालिकाको परामर्श डेस्क मार्फत चेक गर्नसक्नु हुनेछ।

※वृद्ध वृद्धा, र निम्न उल्लेखित रोग भएका व्यक्तिहरूको दायरा थाहा पाउन कृपया पछाडीको पेज हेर्नुहोला।

※ भ्याक्सिन लगाउन चाहने सबैलाई भ्याक्सिन प्रदान गरिनेछ यद्यपि केही संभावित ढिलाई हुने कुरालाई भने नकार्न सकीदैन। कृपया पूर्ण बिश्वसताका साथ केही समय

पर्खनूहोस।

२. अस्पताल, मेडिकल क्लिनिक अथवा भ्याक्सिन लगाऊने स्थलहरू कसरी खोज्ने।

कृपया तपाई बस्ने सिटी वा नगरपालिकाको होमपेज र जारी गरीएका सार्वजनिक सूचना मार्फत उचित अस्पताल,मेडिकल क्लिनिक/भ्याक्सिन लिन सकिने ठाँऊ खोज्नुहोस जहाँबाट तपाईले भ्याक्सिन लिन सक्नुहुनेछ।

※तपाईले 「कोरोना वाकुचिन नाभी 」(कोभिड -१९को सार्वजनिक वेब साइड) मार्फत भ्याक्सिन प्राप्त गर्नसक्नु हुनेछैन। विस्तृत जानकारीको लागि,कृपया भ्याक्सिनको लागि निम्न सार्वजनिक सूचना वेब साइड हेर्नुहोला कोरोना वाकुचिन नाभी 」: https://v-sys.mhlw.go.jp

※यदि तपाईले उचित अस्पताल,मेडिकल क्लिनिक/भ्याक्सिन लगाऊने स्थान भेटाउन सक्नुभएन भने, तपाई बस्ने ठाऊँको नगरपालिका वा सिटी अफिसमा सोध्न सक्नुहुनेछ।

※अस्पताल भर्ना भएका वा जेलमा रहेका व्यक्तिहरू बाहेक अन्यको हकमा तपाई बसिरहेको नगरपालिका वा सिटी भित्र नै (तपाईको आवासीय कार्डमा भएको ठेगाना अनुरूप)भ्याक्सिन प्राप्त गर्नुहुनेछ। तपाईको आवासीय कार्डमा भएको ठेगाना भन्दा बाहिर भ्याक्सिन प्राप्त गर्ने सम्बन्धमा कृपया पछाडीको पेजमा हेर्नुहोला।

※भ्याक्सिन रिजर्भ गर्न कृपया किता सिटीका मेडिकल संस्थाहरुमा कहिल्यै पनि सीधै फोन नगर्नुहोला।

३. भ्याक्सिन कसरी रिजर्भ  गर्ने र प्राप्त गर्ने

कृपया रिजर्भेसन सिस्टम मार्फत रिजर्भ गर्नुहोस अथवा कल सेन्टरमा कल गर्नुहोस।

कृपया किता सिटीको वेब साइट मार्फत रिजर्भेशन सिस्टममा खोल्नुहोस।

https://www.city.kita.tokyo.jp/wakuchin.html

यदि तपाईलाई रिजर्भेसन सिस्टम खोल्न समस्या भएमा ,कृपया कार्यालय खुल्ने दिनमा बिहान ९बजे देखी साँझ ५बजे सम्म टोल फ्री नं : ०१२०-८०१-२२२ मा फोन गर्नुहोला।

भ्याक्सिन लिन जाँदा साथमा लिएर जानूपर्ने कुराहरू :

-कुपन टिकेट (यो जानकारीको साथमा संलग्न गरीएको छ)

-आफ्नो परिचय खुल्ने कागजात (ड्राईभिंग लाइसेन्स, इन्सुरेन्स कार्ड आदि)

- दुई पटक भ्याक्सिन लगाउनको लागि मेडिकल ईन्टरभ्यू सीटहरु (यो जानकारीको साथमा संलग्न गरीएको छ)

※भ्याक्सिन लिनुभन्दा अगाडि, कृपया तापाईको शरीरको तापक्रम नाप्नुहोस र यदि तपाईलाई स्पष्ट रुपमा ज्वरो देखीएको छ भने भ्याक्सिन लगाऊने काम रोक्नुहोस र सिस्टम मार्फत रिजर्भेशन रद्द गर्नुहोस अथवा कल सेन्टरमा सम्पर्क गर्नुहोस।

※भ्याक्सिन सामान्यतया, डेल्टोईड मांसपेशीहरु (माथिल्लो पाखुराको मांसपेशी)मा दिईन्छ त्यसैले कृपया पाखुरा सजिलै खोल्न मिल्ने कपडा लगाएर आऊनुहोला।

※भ्याक्सिनको राम्रो प्रभावकारिताको लागि, निश्चित समयको अन्तरालमा दुई पटक एकै किसिमका भ्याक्सिन लिन आवश्यक छ।

※यसै सूचनाको साथमा संलग्न गरीएको कुपन टिकेट [दुई पटकको लागि भ्याक्सिन टिकेट] र [भ्याक्सिन पूरा भएको  सर्टिफिकेट] एउटै सिटमा छ, कृपया यी दुबै नछूटाइकन लिएर आऊनुहोस।

◎ वृध्दहरूको लागि भ्याक्सिनको शुरू

यो भ्याक्सिन प्राथमिकताको आधारमा तालिकाबद्ध अनुशार वृध्द व्यक्तिहरूलाई दीइने छ, जो सन २०२१मा ६५ बर्ष वा सो भन्दा माथिका छन अथवा सन १९५७, एप्रिल १ भन्दा आगाडि जन्मेका छन।

◎ त्यस्ता व्यक्तिहरू जो सँग निम्न लिखित रोगहरू छन

एक व एक भन्दा बढी निम्न उल्लेखित रोगहरु भएका अथवा यी सर्तहरु लागू हुने हकमा (सन २०२१,मार्च १को मिति अनुशार, साथै यस्तो परिभाषा भविष्यमा परिवर्तन हुनसक्ने)

क. त्यस्ता व्यक्तिहरू जो नियमित अस्पताल जानुपर्ने वा निम्न लिखित रोग र अवस्था रही अस्पताल भर्ना भईराखेका

१) श्वास प्रश्वासको दीर्घ रोग

२) मुटुको दीर्घ रोग (साथै उच्च रक्तचाप सम्बन्धी रोग)

३) किड्नीको दीर्घ रोग

४) कलेजोको दीर्घ रोग (जस्तो कलेजोको सिरोसिस)

५) डाक्टरको निगरानीमा रहेको इन्सुलिन वा आन्तरिक औषधि लीईरहेको मधुमेह रोगी  वा मधुमेहका जटिल अवस्थाहरु

६) रक्त रोग (आइरन कमीको एनिमिया बाहेक)

७) प्रतिरोधात्मक क्षमताको खराबी एवं घातक ट्यूमरको उपचार गरिरहेको

८) त्यस्तो उपचार जसले प्रतिरोधात्मक क्षमता खराब गरिरहेको अवस्था जस्तोकी स्टेरोईड  औषधिको प्रयोग

९) इम्यूनोलोजिक असामान्यताका कारण सिर्जित न्यूरोलोजि रोग वा न्युरोमस्कूलर रोग

१०)न्यूरोलोजि रोग वा न्युरोमस्कूलर (जस्तो श्वासप्रश्वास सम्बन्धी अनियमितता) रोगका कारण हुने

११)क्रोमोसोमल असामान्यता

१२)गम्भीर मानसिक -शारीरिक अशक्तता (गम्भीर शारीरिक अशक्तता र गम्भीर मानसिक असन्तुलन दुबै भएको)

१३) निद्रा एपनिया सिन्ड्रोम

१४) गम्भीर मानसिक असन्तुलन (मानसिक असन्तुलनको उपचारको लागि

अस्पताल भर्ना भएको) वा मानसिक असन्तुलन भएको स्वास्थ्य तथा समाज कल्याण परिषदको प्रमाणपत्र वाहक वा {गम्भीर र निरन्तर} मनोगत रिहाबिलिटेशन वा बौद्धिक अशक्तता (रिहाबिलिटेशन प्रमाणपत्र वाहक)

ख. BMI ३० वा सो भन्दा माथी भएका व्यक्तिहरू

※BMI = शारीरिक तौल (किलोग्राम)÷ऊचाई (मिटर)÷ऊचाई (मिटर)

※ BMI ३० को उदाहरण : तौल ८७ किलोग्राम  र ऊचाई १७० सेन्टीमीटर (१.७मीटर), तौल ७७ किलोग्राम र ऊचाई १६० सेन्टीमीटर (१.६ मीटर)

◎ नगरपालिका बाहिरको लागि भ्याक्सिन जहाँको तपाईसँग आवासीय कार्ड छ

- जो व्यक्तिहरू अस्पताल भर्ना भएका छन वा जेलमा छन ऊनीहरूको हकमा जहाँ छन त्यहीको मेडिकल संस्थान वा सुबिधा लिने छन। ⇒ कृपया सम्बन्धित मेडिकल संस्थान वा सुबिधा सँग परामर्श गर्नुहोस।
- त्यी व्यक्तिहरूको लागि जो सँग उल्लेखित रोगहरू छन उनीहरुले त्यहिको मेडिकल संस्थानहरुमा भ्याक्सिन लिनेछन जहाँ उनीहरु उपचार गरिरहेका छन।⇒ कृपया सम्बन्धित मेडिकल संस्थान वा सुबिधा सँग परामर्श गर्नुहोस।
- जो आफ्नो आवासीय कार्ड भएको भन्दा फरक नगरपालिकामा बसोबास गरीरहेका छन ⇒ उनीहरु बस्ने ठाऊँमा भ्याक्सिन लिन संभावना छ। कृपया「कोरोना वाकुचिन

नाभी」(कोभिड -१९को सार्वजनिक वेब साइड) चेक गर्नुहोला वा तपाई बस्नुहुने सिटी अथवा नगरपालिकाको परामर्श डेस्कमा परामर्श गर्नुहोला।

तपाईले भ्याक्सिन लिनको लागि, तपाईको सहमति आवश्यक पर्छ। यदि तपाई कुनै रोगको उपचार गरिरहनु भएको छ वा तापाईको स्वास्थ्यमा पूर्ण बिश्वस्थ हुनुहुदैन भने,कृपया तापाईको डाक्टरसँग परामर्श गर्नुहोस र त्यसपछी तपाईले लिनसक्ने की लिन नसक्ने बारेमा निर्णय गर्नुहोस।

कोभिड-१९ को भ्याक्सिनको प्रभावकारिता र सुरक्षाको बारेमा बिस्तृत जानकारीको लागि कृपया प्रधानमन्त्रीको आधिकारिक आवासीय वेब साइटमा भ्याक्सिनका लागि बिशेष पृष्ठ हेर्नुहोस।

Url: xxxxxxxxxxx

यदि तपाईले वेब साइट खोल्न सक्नुभएन भने, कृपया तपाई बसोबास गर्ने ठाऊँको नगरपालिका वा सिटी कार्यालयको सल्लाह लिन सक्नुहुनेछ।

जानकारी समय समयमा परिवर्तन हुन सक्नेछ।

टोक्यो महानगरपालिका,किता सिटी कोभिड-१९ भ्यक्सिनेसनको लागि कल सेन्टर

टोल फ्री नं : ०१२०-८०१-२२२, कार्यालय खुल्ने दिनमा बिहान९बजे देखी साँझ५बजे सम्म